# सिन्धुली जिल्लाको शैक्षिक सुधारः एक सिंहावलोकन


**चन्द्रप्रसाद लुइँटेल**

उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी



## लेखसार

**विद्यालय सिकाइ सिप हस्तान्तरण गर्ने ठाउँ हो । शिक्षक विद्यार्थी यसका सक्रिय पात्र हुन् । खास अभिभावकले विद्यालय सुधार भएको हेर्न चाहन्छन् । पढ्न पठाउने अभिभावक, पढने विद्यार्थी र पढाउने शिक्षकलाई आ-आफ्ना कर्तव्य निर्वाह गर्न प्रेरित गर्न सकियो भने सामुदायिक विद्यालयको सिकाइ उपलब्धि प्राप्तिमा बढोत्तरी ल्याउन सकिन्छ । यो लेखमा जिल्ला शिक्षा कार्यालय सिन्धुलीले सिकाइ सुधारलाई केन्द्रविन्दु मानी गरेका विद्यालय अनुगमन, शिक्षक सहयोग, विद्यार्थी अन्तरक्रिया, अभिभावक अन्तरक्रिया, परीक्षा तयारी, उपलब्धि मापन र नवप्रवर्तनात्मक शिक्षक डायरी (Innovative Teacher Diary) जस्ता विषयवस्तुहरू समावेश गरिएको छ । सिकाइ सुधारका नमुना विद्यालयहरूको शै.स. २०६९/०७० र २०७०/०७१ को एसएलसीको नतिजा समेत तुलना गरिएको छ ।**


## परिचय

विद्यालय शिक्षामा प्रशस्त चुनौतीहरू छन् : स्रोत र साधनको पर्याप्तता र उपयोगिताको चुनौती, शिक्षामा सरोकारवालाको सक्रिय व्यवस्थापनको चुनौती र शिक्षामा राजनीतिको चुनौती । २०६८ सालमा म सिन्धुली जिल्लाको शिक्षा अधिकारी भए पश्चात राष्ट्रिय रूपमा भएका यिनै चुनौतीहरूको सामना गर्दै आफूले सकेको काम गर्दै रहें । विद्यालय शिक्षामा हामी गुणस्तरीय शिक्षाको कुरा गर्छौं । यसका लागि शिक्षक, अभिभावक, विद्यार्थीको सहकार्यको जरुरत पर्दछ । Quality is the elimination of variation भनेका छन् (Deming as in Scot 2006, p. 91) । यस किसिमको variation हटाउन सबैको समान उपलब्धि हुनु पर्दछ ।

Excessive analysis is paralysis भन्ने व्यवस्थापकीय भनाइ (Scot 2006) हाम्रो विद्यालयीय शिक्षामा पनि काफी भएको मैले महसुस गरेँ । सबैजना स्कुल यसरी सपारौँ, उसरी सपारौँ, शिक्षक नियमित भएनन्, व्यवस्थापन समिति भएन, अभिभावकको चासो भएन, सुविधा पुगेन र समयमा सुविधा वितरण भएन भन्ने गर्छन् । हाम्रा सामुन्ने विद्यालयहरू हिजोभन्दा आज बिग्रँदो अवस्थामा छन् । मैले सोचे कुराभन्दा काम गरौँ । मैले विचार गरेँ कि जे छ त्यसैबाट सुरु गरे के होला ? कि हामी पूर्णाङ्क प्राप्त गरेपछि मात्रै काम गर्न थाल्ने ? अरुले वातावरण बनाइदिन्छ अनि काम गर्ने ? यिनै प्रश्नहरूले मेरो मन मस्तिष्कमा सुधारका प्रयासहरू जन्मे, कामहरू थालेँ । कामको दौरानमा कक्षा शिक्षणलाई पहिलो प्राथमिकतामा राखेँ ।

## १. विद्यालय अनुगमन

मैले पहिलो जिल्लाका विकट मानिएका महेन्द्रझ्याडी, सोल्पा, खासाङ, कमलाखोँच र गडतिर क्षेत्रको विद्यालय अनुगमन गरेँ । यसले त्यस भेगका जनता विद्यार्थीको उत्साहले मलाई काम गर्ने जाँगर बढ्यो । मैले विद्यालयमा गएर कक्षा अवलोकन गर्ने, विद्यार्थीसँग छलफल गर्ने, आफैँले पढाउने काम पनि गरेँ । यो कार्यको विद्यालय प्रशासन, अभिभावक विद्यार्थीले प्रशंसा गरे । मेरो ध्यान कार्यालयको काम सकिने वित्तिकै विद्यालय अनुगमन निस्कने तिर बढी जान थाल्यो ।

विद्यालय अनुगमन गर्न शैक्षिक, भौतिक अवस्थिति हेर्ने अनुगमनको साधन निर्माण गरेँ । सबै स्रोत व्यक्ति, कर्मचारी साथीहरूबाट यसलाई प्रयोग गर्ने गराउने प्रतिबद्धता गराएँ । प्रत्येकले विद्यालय जाँदा यो सामग्री साथमा लिएर जानुपर्ने र प्रत्येक महिना यो सामग्री जि.शि.का मा पेस गर्नुपर्ने काम गरीयो ।

## २. मोवाइलबाट शिक्षकको छड्के

जिल्लामा शिक्षक नियमितताको कुरा उठ्यो । समाजका चेतनशील वर्गले समेत भन्ने गरेको केही कुराले

कहिलेकाहीँ त मलाई ताजुक पनि लाग्थ्यो । "बजारमा यो यो शिक्षक छन् भन्ने हामीलाई थाहा छ ।" "हामी तपाईलाई भन्दैनौं ।" "तपाई आफैँ पत्ता लगाउनुहोस्" भन्ने चेतनशिल मानिस पनि पाइयो । खैर जे होस् जनताको करबाट तलब खाने हामी कर्मचारीले सकेसम्म समाजको सेवामा अग्रसर हुनैपर्छ । देखिएका कमी कमजोरीलाई हटाउन उद्दत किन नहुने ? अरुले जे सुकै भनुन् भनेर निराश नभै काममा अगाडि बढेँ । मस्तिष्कमा सुझ आयो । सबै विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको मोवाइल लिने र त्यसबाट शिक्षकको उपस्थिति र पठनपाठनको अनुगमन गर्ने (जिल्ला शिक्षा कार्यालय, २०७०) । स्रोत व्यक्तिको मिटिङमा आ-आफ्नो स्रोतकेन्द्रको विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षहरूको मोवाइल नल्याउन अनुरोध गरेँ । सबै स्रोत व्यक्तिहरूको तदारुकता देखाएर आ-आफ्नो स्रोत केन्द्रका विद्यालयहरूको प्रधानाध्यापक र स्रोत व्यक्तिहरूको मोवाइल नं. सङ्कलन गरेर "जिल्लाको विद्यालय सम्पर्क विन्दु" नामक पुस्तिका नै प्रकाशित गरेँ । यो बाहेक समस्या ग्रस्त विद्यालयका केही विद्यार्थी, अभिभावक र शिक्षक समेतको मोबाइल नम्बर लिई यी विद्यालयहरूमा शिक्षक नियमित हुने काम अगाडि बढ्यो । सबै विद्यालयहरूमा हामी अनुगमनको दायराभित्र छौँ भन्ने अनुमति दियौँ । सरोकारवालाले पनि नियमिततामा जिल्ला शिक्षा कार्यालयले ख्याल गरिरहेको छ भन्ने विश्वास गरेको अनुभूति भयो । जिल्ला शिक्षा कार्यालयप्रति सरोकारवाला सकारात्मक हुन थाले ।

अनुगमनको सिलसिलामा म करकरे स्कुलमा पुगेँ । त्यस स्कुलका शिक्षकहरूको कक्षा अवलोकन गर्ने काम भयो । मैले बुलिन (१९९६) भनेको "The role of a supervisor is to be an advisor and consultant, who coordinates and serves as a resource for works" लाई ख्याल गर्थे । मेरो हुर्काइ पनि शिक्षक तालिममा र शिक्षणमा भएकाले कक्षा शिक्षणमा सुधार कसरी ल्याउने भन्ने विषय मेरो प्राथमिकतामा पर्छ । म एउटा सहजकर्ता कसरी बन्ने भन्ने मेरो सोच हुन्छ । मैले एउटा कुनामा बसेर ती शिक्षकहरूको कक्षा अवलोकन गर्दा ती शिक्षकहरूले ज्यादै नमिठो अनुहार लगाएर पढाएको देख्दा उनीहरूको हौसला कसरी जगाउने भन्ने मेरो प्रयास रह्यो । उनीहरूसँगै मैले पनि पढाएँ । कक्षा सकिएपछि उनीहरूलाई मात्रै छुट्टै राखेर सोधेँ, "मैले पढाएको तपाइले पढाएको कुनमा विद्यार्थीहरूले बुझे होलान् ?" "तपाईंहरू पढाएको समयमा किन त्यति डराउनु भएको ?" उत्तरमा उनीहरूले भने "तपाईले पढाएको विद्यार्थीहरूले राम्ररी बुझे ।" "हामीले राम्ररी पढाउन सक्दैनौं भन्ने लाग्छ ।" सर कक्षामा पस्दा अव गल्ती हुने होकी भन्ने डर लाग्यो भने । त्यसपछि मैले उनीहरूलाई प्रत्येक दिन पाठ योजना बनाउने, विद्यार्थीको जात, धर्म, क्षमता, सङ्ख्या, कक्षाको फर्निचर सम्झेर पाठयोजना बनाउने, प्रत्येक दिन पाठयोजना बनाई पढाउने, एक पाठमा कम्तीमा एउटा शैक्षिक सामग्री प्रयोग गर्न सल्लाह दिएँ । मैले एक पाठ, एक शिक्षक, एक वालक, एक योजना र एक शैक्षिक सामग्रीको सल्लाह दिएँ । मैले आफैँले गरेको अनुसन्धानमा देखिएको Bad eye effect (लुइँटेल, २००९) लाई हटाउन र कक्षामा विद्यार्थीहरूलाई मुस्कान सहित विश्वस्त भएर पढाउन सल्लाह दिएँ ।

बिस दिनपछि म त्यस स्कुलमा फेरि गएँ । ती मिसहरूले फत्याक फुरुक गरेर पढाउनु भयो । वालमैत्री तरिकाले शिक्षण गर्नु भो । मलाई त अस्ति नै भेटेका शिक्षिकाहरू हुन् कि अरु नै हुन् जस्तो पो लाग्यो । म छक्क परेँ, कक्षामा पकेटबोर्ड छ, शब्दपत्ती छ र कक्षा पनि सफा छ । त्यसपछि सबै शिक्षकहरूसँग बसेर छलफल गरियो । उहाँहरू लगायत अरुले पनि यसरी नै पढाउने बचन दिनुभयो ।

### ३. शिक्षक हाजिरी सङ्कलन

धेरैजसो empirical study ले विद्यालयको कक्षाकोठालाई सिकाइ उपलब्धि प्राप्त गर्न प्रभाव पार्ने शिक्षक नै मुख्य हुन् भन्ने बताएका छन् । विद्यार्थीको प्रयासमा ५०%, घरको प्रयासमा ५ देखि १० %, विद्यालयको प्रयासमा ५ देखि १०%, साथीको प्रयासमा ५ देखि १०% र शिक्षकको प्रयासमा ३० % सिकाइ उपलब्धि प्राप्तिको प्रभाव हुने आँकलन गरिएको छ (Hattie, Rove Mulford as cited in Dinham, 2007) । स्रोत व्यक्तिले कम्तीमा महिनाको १० ओटा कक्षा अवलोकन गर्नुपर्ने (शिक्षा विभाग,

२०६९) व्यवस्था छ । विद्यालय कम्तिमा २२० दिन खुल्नुपर्ने (शिक्षा नियमावली) विद्यालयमा २०० दिन पठनपाठन गर्नुपर्ने व्यवस्थालाई यथार्थमा कार्यान्वयन गर्ने कुरातर्फ मैले ध्यान दिन थालेँ । आफू गएको विद्यालयमा र स्रोत व्यक्तिमार्फत प्रत्येक महिना कम्तीमा १० ओटा विद्यालय अनुगमन गरेर वैशाख १ गतेलाई आधार मानी अनुगमन गर्दाको दिनसम्मको हाजिरी ल्याउने व्यवस्था गरेँ । यसले केही विद्यालयहरूमा ९५% हाजिरी र बढीमा ८५ दिनसम्म विद्यालय छाड्ने शिक्षक समेत फेला परे । कम उपस्थित हुनेलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र शिक्षक बोलाएर अनुपस्थित दिनको कोर्स पुरा गर्ने र जिल्ला शिक्षा कार्यालय स्वीकृति लिएर विद्यालय छोड्ने प्रतिबद्धता गराएँ ।

## ४. जिल्लामा शैक्षिक सुधार अभियान

जिल्लामा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार कसरी ल्याउन सकिन्छ भन्ने प्रश्नले मेरो मस्तिष्कमा ठाउँ लियो । बढी सिकाइ उपलब्धि हासिल गर्ने प्रयास गरेँ । शैक्षिक सुधार तिनओटा क्षेत्रहरू The quality of teaching and learning in classrooms, the strength of the leadership in schools, a shared system of accountabliliy (David, 2011) लाई ख्याल गर्ने कार्यक्रमहरू तय गरियो । पहिले Quality of teaching and learning in classroom नै आवश्यक पर्दछ भन्ने लाग्यो । सबै विद्यालयलाई पूर्व तयारीका साथ अध्यापन गर्न, पाठयोजना निर्माण, शैक्षिक सामग्रीको निर्माण र प्रयोग गरी पठाउन सल्लाह दिएँ । जिल्लामा "सक्रिय अभिभावक, उत्प्रेरक शिक्षक, लगनशील विद्यार्थी, समावेशी कक्षा सबै आउन् सधैं पाउन् गुणस्तरीय शिक्षा- २०६९" को शैक्षिक नारा निर्माण गरी शिक्षकका पेसागत सङ्घ सङ्गठनबाट पारित गराई सबै विद्यालय समेत राख्न लगाउने काम गरियो । अहिले कतिपय विद्यालयहरूमा विद्यालयले यो नारा भित्तामा राखेको पाइन्छ ।

शैक्षिक सुधारकै क्रममा विद्यालयको नेतृत्वलाई सहज र प्रेरणादायी बनाउन प्रत्येक महिना स्रोत केन्द्रको सिकाइ उपलब्धि ज्यादै कमजोर भएको एउटा विद्यालयको भ्रमण गरी उक्त विद्यालयका अभिभावक, शिक्षक र विद्यार्थीसँग अन्तरक्रिया गर्ने काम समेत गरियो । यसमा तत्कालीन उप-सचिव श्री वद्रीप्रसाद पौडेल, विद्यालय निरीक्षक श्री नवराज वरालले पनि दिलैदेखि सहयोग पुऱ्याउनुभयो । अभिभावकहरूसँग व्यापक अन्तरक्रिया गरियो । यो कामबाट गुणस्तरीय शिक्षाका पाँचवटा अवयवहरू Quality learners quality environment, quality contents, quality teaching learning process र Quality outcome समेतको काममा सहयोग पुऱ्याएको महसुस भयो । हामी कसरी पढाउन खोजिरहेका छौं । यसमा अभिभावकको भूमिका के ? स्रोत व्यक्तिको भूमिका के ? राजनेताको भूमिका के ? जस्ता विषयवस्तुहरूमा प्रधानाध्यापक स्रोत व्यक्ति र जिल्लाका राजनीति पार्टीका प्रमुखहरूसँग अन्तरक्रिया गरी २०६९ सालमा ३१ बुँदे सिन्धुलीको शैक्षिक घोषणा पत्र समेत जारी गरियो । हायुटार स्रोतकेन्द्रमा जिल्लाका सबै पार्टी प्रतिनिधि, प्रधानाध्यापक, पत्रकार समेतको भेलाबाट हायुटार शैक्षिक घोषणा -२०७० समेत जारी गरियो । अहिले त्यो विद्यालय सिन्धुलीका सामुदायिक विद्यालयमध्येको उत्कृष्ट नतिजा ल्याउन सफल पनि भयो ।

### ४.१ पाइलोटिङ परीक्षा

जिल्लाका सदरमुकामका सबै र भिमान, रानीवास, काउँछे समेतका कक्षा ८ र १० का विद्यार्थीहरूको अङ्ग्रेजी, गणित, नेपाली र विज्ञान विषयको २०६९ असोजसम्म विद्यालयले पठनपाठन गरेका एकाइहरूमा आधारित नै पाइलोटिङ परीक्षा लिने काम गरियो । यो परीक्षामा परीक्षासँगै विद्यार्थी प्रतिक्रिया (Student Reaction Form-SRF) पनि दिइयो । यसको मुख्य आशय विद्यार्थीले कुन प्रश्नको हल गऱ्यो र त्यो प्रश्नको हल गर्ने क्षमता कहाँबाट प्राप्त गऱ्यो । यदि उसले गर्न नसकेको वा गाह्रो लागेको प्रश्नको पछाडि के कारण छ । शिक्षकले नपढाएर वा पढाएको उसले नबुझेर जस्ता प्रतिक्रिया लेख्न ठाउँ राखी परीक्षा सुरु हुँदै त्यो फाराम दिने र परीक्षा सकिएको तुरुन्तै पछि त्यो फाराम सङ्कलन गरियो । यसको प्रारम्भिक विश्लेषण गरी सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई जानकारी गराउने काम भयो । १६४८ विद्यार्थी यो कार्यक्रममा सामेल भए ।

### ४.२ कक्षा १० का विद्यार्थीहरूका लागि डे बोर्डस

एसएलसीमा विद्यार्थीहरू किन पछि परे ? नपढेर, नपढाएर, पढ्ने इच्छा वा समय र स्रोत साधनले साथ नदिएर ? यी कुराहरूले जिल्ला शिक्षा कार्यालय तड्पी रह्यो । अनि सोचियो कि केहि विद्यालयहरूमा बोर्डस नगरे पनि कम्तीमा विहान सबेरैदेखि विद्यालयमा नै खाना खुवाएर त्यही शिक्षकहरूले पढाउन वातावरण बनाउन पाए पनि छोटो समयमा केही पास प्रतिशत बढाउन सकिन्छ कि ? यो मनासयका साथ जिल्लाका १० ओटा विद्यालयहरू कमला उच्च माध्यमिक विद्यालय ढुङ्ग्रेवास, गौमती उच्च माध्यमि विद्यालय माढीबजार, जनज्योति उच्च माध्यमिक विद्यालय फोस्रेटार, जनता उच्च माध्यमिक विद्यालय खनियाँखर्क, उच्च माध्यमिक विद्यालय खटार, जनजागृति उच्च माध्यमिक विद्यालय भिमान, प्रगतिशील उच्च माध्यमिक विद्यालय सिलामेमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक विद्यार्थीसँग बसेर निम्नानुसार काम गर्ने छलफल गरियो :

१. कक्षा १० का विद्यार्थीहरूलाई विहान विद्यालयमा नै खाना खुवाउने गरी २०७०/९/१ देखि पठन पाठन सुरु गर्ने
२. घरले खाना खर्च तीर्न नसकिने विद्यार्थीहरूको लागि विद्यालयले प्रबन्ध मिलाउने
३. कक्षा १० ६५% हाजिरी नपुगेको विद्यार्थीहरूलाई एसएलसी परीक्षामा समावेश नगराउने
४. प्रत्येक हप्ता विद्यार्थीको परीक्षा लिने र पृष्ठपोषण दिने
५. जिल्ला शिक्षा कार्यालयले विद्यालय होम सेन्टर नहुने गरी अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक विषयको नमुना एसएलसी लिने र प्राप्ताङ्क सार्वजनिक गर्ने ।
६. महिनाको एकपटक जिल्ला शिक्षा अधिकारी विद्यार्थी, अभिभावकबिच अन्तरक्रिया गर्ने ।

यो कार्यमा कमला उच्च माध्यमिक विद्यालय लागि पऱ्यो । त्यहाँ २० जना विद्यार्थीले विहानको खाना सहित विना शुल्क विद्यालयमा परीक्षा सुरु हुनुभन्दा चार दिन अघिसम्म पढें । गौमती उच्च माध्यमि विद्यालय पानी ट्याङ्की नमुनाले थप प्रयास सहित कार्यक्रम बढाए । यी दुईओटा विद्यालयहरूले एसएलसी दिने विद्यार्थीहरूलाई सहयोग गर्न विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको भाग विद्यार्थी अभिभावक counselling समेत गरे । यी विद्यालयका विद्यार्थीहरूले विद्यार्थी अभिभावक र शिक्षकबिच सम्पर्क विन्दुको काम गरें । जनता उच्च माध्यमिक विद्यालय खनियाखर्कमा एसएलसी प्रथम श्रेणी ल्याउने विद्यार्थीको प्रतिबद्धता समेत माग गरें । यस विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले बहुत तदारुकता देखाउनु भयो । मैले कक्षा १० मा विद्यार्थीलाई विहानदेखि बेलुका १० वजेसम्म पढ्ने समय तालिका बनाएर पढ्न सल्लाह दिएँ । दश कक्षाका सबैलाई एसएलसीमा प्रथम श्रेणी ल्याउने प्रतिबद्धता गर्ने व्यक्तिलाई हात उठाउन अनुरोध गरें । दश जना विद्यार्थीले उनीहरू प्रथम श्रेणीमा पास हुने बचन दिए । मैले प्रोत्साहन स्वरूप प्रतिविद्यार्थीलाई रु.२००।- का दरले प्रोत्साहित गरें । त्यसमध्ये ८ जनाले २०७० को एस.एल.सी.परीक्षाको नतिजामा प्रथम श्रेणीमा पास पनि गरे । कमलाका ९ कक्षाका विद्यार्थी पनि अव हामीलाई पनि गत वर्षको कक्षा १० को जसरी कहिलेदेखि पढाउने भन्नु हुन्थ्यो त्यहाँका विद्यालय व्यवस्थापन समिति अध्यक्ष श्री अमरदिप देवकोटाले । लगातार २ वर्ष शून्य नतिजा ल्याएको उच्च माध्यमि विद्यालय गढौलीले यसपाली ५७% नतिजा ल्याउन सफल पनि भयो । जिल्लाका ३ ओटा विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू बसी यो कार्यलाई निरन्तरता दिने । अहिले जिल्लाको विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकहरूले यो कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाइ सक्ने भएको थियो ।

### ४.३ नव प्रवर्तनात्मक शिक्षक डायरी वितरण

जिल्लाका १० ओटा विद्यालयहरूमा डुण्डीराज अर्याल (२०६९) द्वारा लिखित नवप्रवर्तनात्मक डायरी वितरण गरें । उक्त डायरीमा शिक्षा ऐन, नियम, शिक्षकको व्यक्तिगत विवरण, शिक्षकले दिनभरि पढाउनु पर्ने सबै विषयको पाठयोजनाका मुख्य क्रियाकलापहरू लेख्न मिल्न गरी तयार गरेको छ । यो

डायरी शिक्षा कार्यालयले खरिद गरेर १० ओटा विद्यालयहरूका सबै शिक्षकहरूलाई दिइयो । डायरी दिनु पूर्व ५० जना शिक्षकहरूलाई यो डायरीको प्रयोग गर्ने तरिकाको अभिमूखिकरण गरीयो । डायरी प्राप्त गर्ने शिक्षकले आफ्ना विद्यालयका बाँकी शिक्षकहरूलाई आफैले अभिमुखीकरण गर्नु पर्ने व्यवस्था गरियो । स्रोत व्यक्तिले विद्यालय अनुगमन गर्दा नवप्रवतर्नात्मक डायरीको प्रयोगको पनि अनुगमन गर्नुपर्ने व्यवस्था गरी अनुगमनको साधन समेत निर्माण गरी अनुगमनका समयमा प्रयोग गरियो । सयजनालाई यस किसिमको डायरी दिने लक्ष्य राखेकोमा ५० जनाले एक महिनापछि उनीहरूका सहकर्मीको पृष्ठपोषण समेत लिई आउने गरी एक दिने पृष्ठपोषण कार्यशाला सञ्चालन गरियो ।

### ४.४ उत्कृष्ट विद्यार्थी सम्मान

शिक्षण सिकाइमा प्रेरणा र प्रतिस्पर्धाको भूमिका महत्वपूर्ण हुन्छ । प्रेरणा विभिन्न तौरतरिकाहरू अपनाउन सकिन्छ। जिल्ला शिक्षा कार्यालयले यो काम विद्यालय तहको कक्षा ८ को अन्तिम परीक्षामा उत्कृष्ट हुने स्रोत केन्द्रगत रूपमा १ जना छात्र १ जना छात्रालाई जनही रु.५००।- का दरले नगद पुरस्कार र प्रशंसापत्र दिने काम गऱ्यो । यसले गर्दा स्रोतकेन्द्रगत रूपमा सिकाइ उपलब्धि उत्कृष्ट हुने अवसर प्राप्त होला भन्ने जिल्ला शिक्षा कार्यालयको ठम्याइ छ ।

### ४.५ विद्यार्थी भर्ना अभियान शैक्षिक सभा

शिक्षा विभागको तथ्याङ्क (२०७०) अनुसार अहिले एन इ आर (NER) ९७ पुगेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ६ लाख बालबालिका विद्यालय बाहिर छन् भन्ने तथ्यांक छ । सिन्धुली जिल्ला एउटा जनजाति आदिवासीहरू बस्ने जिल्ला जहाँको NER ९६% छ । यहाँको ४% विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय ल्याउन र अभिभावकहरूमा शिक्षासम्बन्धी जनचेतना जगाउन २०७० सालको भर्ना अभियानमा तिनओटा निर्वाचन क्षेत्रमा भर्ना अभियान शैक्षिक सत्रको आयोजना गरी भर्ना हुने विद्यार्थीलाई प्रोत्साहित गरेको थियो । यस कार्यक्रममा जिल्लाका पत्रकार, सङ्घ, सङ्गठनका प्रमुखहरू हुनुहुन्थ्यो । यसवर्ष २०७१ मा पनि जिल्लाको सातओटा ठाउँ, जुन ठाउँहरूमा गतवर्ष कार्यक्रम सञ्चालन भएको थिएन, मा “ब्यापक भर्ना अभिभायान शैक्षिक सभा” को आयोजना गरी ६२३ नयाँ विद्यार्थीलाई जिल्ला शिक्षा अधिकारीको उपस्थितिमा नै भर्ना गर्ने काम भयो । यस वर्ष भर्ना हुने विद्यार्थीहरूलाई एउटा ब्याग, एक दर्जन कपी, सिसाकलम र आधा दर्जन कपी समेत उपलब्ध गराइएको थियो ।

## उपसंहार

शिक्षाको गुणस्तर बढाउन शिक्षा प्रदायक सबै समान रूपमा सक्रिय हुनुपर्दछ । शिक्षा गुणस्तर हुन अभिभावकले वातावरण बनाउने, शिक्षा कार्यालयले सबै पात्रलाई सक्रिय बनाउन सहजीकरण र मौजुदा नीति नियमलाई लागू गराउने र शिक्षक विद्यार्थी सकारात्मक सोचका साथ यसमा लागि पर्नु पर्दछ । यो मौखिक भन्दा व्यवहारगत कुरा हो जसका लागि पढाउने हो उसैलाई भेट्नु पर्छ । तेस्रो व्यक्तिलाई सम्पर्क विन्दु बनाउने हाम्रो सोचनै गलत हो । समाज सकारात्मक छ । यो सकारात्मकतालाई टाठाबाठाले नकारात्मक र परिस्थितिजन्य बनाइ आफ्नो हितमा प्रयोग गर्न खोज्छन् । यसलाई उछिनेर खास वर्गलाई सेवा दिनु हाम्रो दायित्व हो ।

## सन्दर्भ सामग्री


जिल्ला शिक्षा कार्यालय (२०७०). **विद्यालय सम्पर्क विन्दु, जिल्ला शिक्षा कार्यालयले जिल्लाभरीका विद्यालयहरूका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको सम्पर्क नं. प्रकाशित ।**

Bullin, J. J. (1997). Supervision skills for managing work and leading people. India : AITBA Pulisher's Institute.

Scot, J. T. (2006). Quality : A consise handbook of management. A practioner's approach.

New Delhi : Author

Chard, D. (2011). The three elements effective school reform. Retrieved from www.dollnews.com date 27 July 2014

लुइँटेल, सि.पि. (२००९). **शिक्षक विद्यार्थी सम्बन्ध 'अ प्याराडाइम सिफ्ट'**. एम.फिल. अध्ययनको शोधपत्र ।

शिक्षा विभाग (२०६८). **स्रोत व्यक्ति व्यवस्थापन निर्देशिका**. भक्तपुर : लेखक ।

जिल्ला शिक्षा कार्यालय (२०६९). **सिन्धुली जिल्लाको शैक्षिक घोषणा पत्र**. सिन्धुली : लेखक ।

Dinaham, S. (2007). Leadership for outstanding educational outcomes. A paper presented in Australian Centre for Education Leadership.

अर्याल, ढुण्डीराज (२०६९). नवप्रर्वतनात्मक शिक्षक डायरी. काठमाडौँ : इराड ।